# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : संख्याः प्रकाशित मितिः २०७७/०९/०५

**भाग-**

## रोङ गाउँपालिकाको जलस्रोत संरक्षण तथा उपयोग कार्यविधि, २०७७

# रोङ गाउँपालिकाको जलस्रोत संरक्षण तथा उपयोग कार्यविधि, २०७७

**प्रमाणीकरण तथा प्रकाशन मिति : ........................**

नेपालको संविधानको धारा २१४ को अनुसूची ८ मार्फत प्रदत्त अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ (१ र २ ) ले दिएको अधिकार प्रयोग गरी रोङ गाउँपालिका गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

रोङ गाउँपालिकाको जलस्रोत संरक्षण तथा उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिः

**प्रस्तावना :**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम स्थानीय तहलाई जलस्रोत तथा जलाधार, भू-संरक्षण, मुहान संरक्षण, खानेपानी, सिंचाइ, साना जलविद्युत, जल उपयोग एवं प्राकृतिक स्रोतको उपयोग एवं व्यवस्थापन सम्बन्धमा रोङ गाउँपालिका भित्रको भूसतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्ने त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदुषण मुक्त राख्ने कानुन व्यवस्था गर्न वाञ्छनीय भएकोले रोङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७७/०९/०५ गतेको बैठकको निर्णय बमोजिम रोङ गाउँपालिकाको जलस्रोत संरक्षण तथा उपयोग कार्यविधि, २०७७ जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम रोङ गाउँपालिकाको जलस्रोत संरक्षण तथा उपयोग कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “जलस्रोत” भन्नाले रोङ गाउँपालिका क्षेत्रभित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ ।

(ख) “लाभदायिक उपयोग” भन्नाले साधन र स्रोतले भ्याएसम्म उचित रुपले गरिएको जलस्रोतको संरक्षण तथा उपयोग सम्झनु पर्छ ।

(ग) “अनुमति प्राप्त व्यक्ति वा संस्था” भन्नाले जलस्रोतको उपयोग गर्ने कार्यविधि बमोजिम अनुमति प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ ।

(घ) “उपभोक्ता संस्था” भन्नाले कार्यविधि बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनु पर्छ ।

(ङ) “गाउँ जलस्रोत समिति” भन्नाले दफा ३० बमोजिमको गाउँ जलस्रोत समिति सम्झनु पर्छ ।

(च) “जाँचबुझ समिति” भन्नाले दफा ४२ बमोजिमको जलस्रोत उपयोग विवाद सम्बन्धी जाँचबुझ समिति सम्झनु पर्छ ।

(छ) “अनुमति पत्र” भन्नाले जलस्रोत उपयोग तथा सर्भेक्षणका लागि दिइने अनुमतिपत्र सम्झनु पर्छ ।

(ज) “सर्भेक्षण“ भन्नाले जलस्रोतको उपयोगका लागि गरिने सम्भाव्यता अध्यन, विस्तृत परियोजना प्रतिवेदन र त्यसका लागि गरिने खोज तथा अन्वेषणको कार्य सम्झनु पर्छ ।

(झ) “उपभोक्ता” भन्नाले जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ञ) “परियोजना” भन्नाले गाउँपालिका क्षेत्र भित्र संचालन हुने जलस्रोतको उपयोग सम्बन्धी परियोजनालाई सम्झनु पर्छ ।

(ट) “साधारणसभा” भन्नाले उपभोक्ता समितिले बार्षिक रुपमा उपभोक्ताहरूको भेला गराइ गर्ने साधारण सभा सम्झनु पर्छ ।

(ठ) “एकीकृत परियोजना” भन्नाले गाउँपालिका क्षेत्रभित्रका दुई वा दुई भन्दा बढी जलस्रोतको मुहानलाई एकीकृत गरी संचालन गरिने परियोजना सम्झनु पर्छ ।

(ड) “सेवा शुल्क” भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनु पर्छ ।

(ढ) “गाउँपालिका” भन्नाले रोङ गाउँपालिका सम्झनु पर्छ ।

(ण) “गाउँ कार्यपालिका” भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(त) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(थ) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(द) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद २

## जलस्रोत स्वामित्व सम्बन्धी व्यवस्था

**३. जलस्रोत स्वामित्व :** (१) रोङ गाउँपालिका भित्र रहेको जलस्रोतको स्वामित्व नेपाल सरकार तथा स्थानीय सरकारमा निहित रहनेछ ।

(२) प्रचलित संघीय, प्रदेश तथा गाउँपालिकाको कानुन बमोजिम गाउँपालिकाको जलस्रोतको उपयोग तथा व्यवस्थापन गर्ने अधिकार गाउँपालिकामा रहनेछ ।

## परिच्छेद ३

## उपभोक्ता सम्बन्धी

**४. जल उपभोक्ता संस्थाको गठन** : (१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरूले जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा १ बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई गाउँ जलस्रोत समिति समक्ष दर्ता गराउनु पर्नेछ ।

(३) उपदफा २ बमोजिम जल उपभोक्ता संस्था दर्ता गर्न देहाय बमोजिम गर्नु पर्नेछ :

(क) पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जनाको उपभोक्ता संस्था गठन भएको,

(ख) संस्थाको विधान ३ प्रति,

(ग)अनुसूची १ बमोजिमको निवेदन,

(घ) अनुसूची ८ मा तोकिए बमोजिमको निवेदन दस्तुर,

**५. उपभोक्ता संस्थाको दर्ताको लागि निवेदन दिनुपर्ने** : दफा ३ बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरूमध्ये कम्तीमा सातजना उपभोक्ताहरूले अनुसूची १ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको तीन प्रति विधान र अनुसूची ८ मा तोकिए बमोजिमको निवेदन दस्तुर सहित गाउँ जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

**६. विधानमा खुलाउनुपर्ने विवरणहरू** : दफा ४ बमोजिम पेस गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरू खुलाउनु पर्नेछ :

(क) पूरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता तथा सदस्यता शुल्क,

(घ) सदस्यको निष्कासन र राजिनामा,

(ङ) हकदावी, नामसारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी व्यवस्था,

(छ) संचालक समिति गठन, काम, कर्तव्य अधिकार सम्बन्धी,

(ज) संचालक पदमा वहाल रहन नसक्ने अवस्था,

(झ) संचालक समितिको वैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष तथा लेखापरीक्षण,

(ट) विधान संशोधन,

(ठ) विगठन,

(ड) विविध ।

**७. उपभोक्ता संस्था संगठित संस्था हुने** : (१) उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वाशासित र संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको कामकारवाहीको लागि आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**८. दर्ता र प्रमाणपत्र** : दफा ५ बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची २ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँ जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले ३० दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरू यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

**९. विधान संशोधन** : (१) उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा गाउँ जलस्रोत समितिमा पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विधान संशोधन सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी विधानलाई संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद ४

## जलस्रोतको संरक्षण तथा उपयोग सम्बन्धी व्यवस्था

**१०. जलस्रोत उपयोग :** (१) यस कार्यविधि बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति लिनुपर्ने छैन :

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पनचक्की चलाउन,

(घ) व्यक्तिगत रुपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलस्रोत तोकिएबमोजिम उपयोग गर्न,

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नु पर्नेछ ।

(४) गाउँपालिका क्षेत्रभित्र रहेका जलस्रोतलाई गाउँपालिका क्षेत्रभित्र उपयोगका लागि पहिलो प्राथमिकता दिइनेछ ।

(५) गाउँपालिका क्षेत्रभित्र रहेका जलस्रोतको उपयोग अन्य गाउँ तथा नगरपालिका क्षेत्रका बासिन्दाले प्रयोग गर्न चाहेमा सम्बन्धित पालिकाको सिफारिसका साथ कार्यविधिमा भएको व्यवस्था बमोजिम निवेदन पेस गर्नु पर्नेछ ।

(६) गाउँपालिकाको जलस्रोत उपयोग गरी गाउँपालिका क्षेत्रबाहिर उद्योग वा व्यवसाय संचालन गरिएको भए कार्यविधिमा उल्लेख भएबमोजिम आवश्यक कागजात र दस्तुर बुझाई यस कार्यविधिको अधिनमा रही व्यवसाय संचालन गर्नु पर्नेछ ।

(७) उपदफा ६ मा उल्लेख भए अनुसार उद्योग वा व्यवसाय संचालन गर्ने व्यक्ति वा संस्थाले कार्यविधिको अधिनमा रहन अस्विकार गरेमा गाउँ जलस्रोत समितिले त्यस्तो व्यक्ति वा संस्थालाई जलस्रोत उपयोगबाट बञ्चित गराउन सक्नेछ ।

(६) गाउँपालिका क्षेत्र बाहिर जलस्रोतको उपयोग अधिकार दिने नदिने निर्णय गर्ने सर्वाधिकार गाउँ जलस्रोत समितिमा निहित रहनेछ ।

**११. जलस्रोत उपयोगको प्राथमिकता क्रम** : (१) जलस्रोत उपयोग गर्दा साधारतया देहायको प्राथमिकताक्रम अनुसार गर्नु पर्नेछ :

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाइ,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जल पर्यटन

(ङ) घरेलु उद्योग, औद्योगिक व्यावसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात

(छ) जलविद्युत

(ज) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा जलस्रोत उपयोग जाँचबुझ समितिले उपदफा (१) को प्राथमिकताक्रम दफा ४ को उपदफा (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम जलस्रोत उपयोग जाँचबुझ समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

**१२. अनुमतिपत्रको व्यवस्था** : (१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमको विवरणहरू खुलाइ गाउँ जलस्रोत समिति समक्ष अनुमति पत्रको लागि दरखास्त दिनुपर्नेछ तर जलस्रोतको सर्वेक्षणको अनुमतिपत्रको लागि दिंदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी गराइ दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा ३० दिनभित्र र जलस्रोत उपयोगको अनुमतिपत्रको हकमा १२० दिनभित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरू तोकी दफा ७ को उपदफा १ मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तलाई अनुमतिपत्र दिनु पर्नेछ ।

(३) दफा ४ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो कार्यविधि प्रारम्भ हुनु भन्दा अगावै देखि जलस्रोतको उपयोग गरी रहेको व्यक्ति वा संगठित संस्थाले पनि तोकिएको विवरण सहित यो कर्यविधि प्रारम्भ भएको मितिले ३ महिनाभित्र गाउँ जलस्रोत समिति समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम परेको दरखास्तमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले ३० दिनभित्र तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग बापत गाउँपालिकालाई तोकिए बमोजिमको दस्तुर वा बार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नुपरेमा गाउँ जलस्रोत समितिबाट तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ ।

**१३. जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिने :** (१) जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची ३ बमोजिम ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विवरणहरू खुलाइ गाउँ जलस्रोत समिति समक्ष ३ प्रति दरखास्त फाराम दिनु पर्नेछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा,

(ग) पानीको स्रोत र उपयोग हुने पानीको विवरण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(ङ) सर्वेक्षण गरिने जलस्रोतको क्षेत्र,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत,

(छ) पानीको स्रोतको संरक्षण कार्यनीति

(ज) संचालक तथा उपभोक्ता समितिको नाम, थर, वतन खुलेको विवरण

(२) उपदफा (१) बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिंदा अनुसूची ८ मा उल्लेखित दस्तुरको २५ प्रतिशतको दरले हुन आउने रकम सर्वेक्षण अनुमतिपत्र दस्तुर बापत बुझाउनु पर्नेछ ।

**१४. दरखास्त उपर जाँचबुझ :** (१) दफा ३ बमोजिम दरखास्त परेपछि कार्यविधि बमोजिम दरखास्तवालाले दरखास्त साथ पेस गर्नुपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदन पेस गरे नगरेको सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेस गर्नुपर्ने कुनै कागजात विवरण वा प्रतिवेदन पेस गरेको रहेनछ भने त्यस्तो कागजात विवरण वा माफिकको म्याद तोकी दरखास्त परेको १५ दिनभित्र सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेस गर्न गाउँ जलस्रोत समितिको म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै कार्यविधिको दफा १४ को उपदफा २ को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

**१५. सर्वेक्षण अनुमतिपत्र दिने :** दफा ३ बमोजिम परेको दरखास्त उपर दफा ४ बमोजिम गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरेपछि दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुसूची ४ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ ।

**१६. सर्वेक्षण प्रतिवेदन पेस गर्नुपर्ने :** दफा ५ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले ३० दिनभित्र आफूले गरेको सर्वेक्षणको तीन प्रति प्रतिवेदन गाउँ जलस्रोत समिति समक्ष पेस गर्नु पर्नेछ ।

**१७. दोहोरो सर्वेक्षण अनुमति पत्र नदिइने** : कुनै एक व्यक्ति वा संस्थाले जलस्रोतको उपयोगको लागि सर्वेक्षण अनुमति प्राप्त गरिसकेको भए अर्को व्यक्ति वा संस्थालाई सर्वेक्षण अनुमतिपत्र प्रदान गरिने छैन ।

**१८. दरखास्त उपर जाँचबुझ** : दफा ५ बमोजिम दरखास्त प्राप्त भएपछि कार्यविधि बमोजिम दरखास्तसाथ पेस गर्नुपर्ने आवश्यक कागजात वा प्रतिवेदन पेस गरे नगरेको सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

**१९. सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने :** जलस्रोतको उपयोगका लागि दरखास्त परेपछि परियोजना निर्माण तथा संचालन गर्दा कुनै उल्लेखनीय प्रतिकुल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरू खुलाइ गाउँ जलस्रोत समितिले प्रभाव पर्ने व्यक्ति, संस्था, समुदाय तथा क्षेत्रका लागि उजुर गर्न ३५ दिनको म्याद राखी सूचना प्रकाशित गर्नु पर्नेछ ।

**२०. अनुमतिपत्र दिने** : दफा ५ बमोजिम प्राप्त दरखास्त उपर सम्पूर्ण प्रक्रिया पूरा गरी गराइ जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भएमा संशोधन समेत गरी अनुसूची ४ बमोजिम ढाँचामा दरखास्तवाला व्यक्ति वा संस्थालाई जलस्रोत उपयोग सम्बन्धी अनुमतिपत्र दिनु पर्नेछ ।

**२१. सर्वेक्षणको अनुमति पत्र प्राप्त व्यक्तिलाई परियोजना सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने** : दफा १५ बमोजिम सर्वेक्षणको अनुमति प्राप्त व्यक्तिले आफुले गरेको सर्वेक्षण बमोजिम जलस्रोत उपयोग सम्बन्धी कार्य पनि गर्न चाहेमा सर्वेक्षण प्रतिवेदन प्राप्त भइ उपयोगका लागि मुनासिबदेखिएको ठहर भएमा जलस्रोत गाउँ समितिले प्राथमिकताका आधारमा जलस्रोत उपयोग अनुमतिपत्र दिन सक्नेछ ।

**२२. जलस्रोतमाथि अधिकार कायम हुने** : यस कार्यविधि बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य संचालन गर्न अनुमति प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिम कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्म जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

**२३. कार्य शुरु गर्नुपर्ने अवधि** : अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मिति सर्वेक्षणको हकमा तीन महिनाभित्र र जलस्रोतको उपयोग सम्बन्धी कार्य संचालनको हकमा छ महिनाभित्र भौतिक रुपमा कार्य शुरु गरी सो को जानकारी गाउँ जलस्रोत समितिलाई दिनुपर्नेछ, तर म्याद भित्र कार्य शुरु हुन नसकेको कारण खोली अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले निवेदन दिएमा गाउँ जलस्रोत समितिले मुनासिब ठहराएमा म्याद थप गर्न सक्नेछ ।

**२४. नयाँ अनुमतिपत्र लिनुपर्ने** : (१) यस कार्यविधि प्रारम्भ हुनु अगावै देखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि तोकिएको विवरणहरू खुलाइ कार्यविधि प्रारम्भ भएको मितिले छ महिना भित्र गाउँ जलस्रोत उपयोगको अनुमतिपत्र प्राप्त गर्नका लागि अनुसूची ५ बमोजमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई अनुसूची ६ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

**२५. अनुमतिपत्र दस्तुर** : यो कार्यविधि बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य संचालन गर्न अनुमतिपत्रको दरखास्त दिंदा अनुसूची ८ मा तोकिएबमोजिमको अनुमतिपत्र दरखास्त बुझाउनु पर्नेछ ।

**२६. अनुमति नविकरण गर्ने** : यो कार्यविधि बमोजिम जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संस्थाले गाउँपालिकामा बार्षिक नवीकरण गर्नुपर्नेछ र सो सम्बन्धिको दस्तुर अनुसूची ८ मा तोकिएअनुसार हुनेछ ।

**२७. अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा समबन्धित गाउँ जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाममा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाममा बिक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

**२८. जलविद्युतको लागि जलस्रोतको उपयोग** : जलविद्युत उत्पादनको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा नेपाल सरकारको प्रचलित कानुनबमोजिम हुनेछ ।

**२९. गाउँपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने** : (१) गाउँपालिका आँफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस कार्यविधिको कुनै व्यवस्थाले वाधा पुर्‍याएको मानिने छैन ।

(२) कुनै व्यक्ति वा संस्थाले यस कार्यविधि बमोजिम उपयोग गरेको जलस्रोत र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना, प्राकृतिक सम्पत्ती सार्वजनिक उपयोगका लागि गाउँपालिकाले आफुले लिई विकास गर्न सक्नेछ ।

(३) गाउँपालिका क्षेत्रमा रहेका जलस्रोतका मुहानलाई एकीकृत गरी एकीकृत परियोजना संचालन गर्न सक्नेछ ।

(४) उपदफा ३ मा भएको व्यवस्था बमोजिम एकीकृत परियोजना संचालनका लागि व्यक्ति, समूह वा संस्थालाई समेत प्रोत्साहित गर्न सक्नेछ ।

**३०. गाउँ जलस्रोत समितिको गठन** : (१) गाउँपालिकाभित्र रहेको जलस्रोतको उपयोगका लागि कार्यविधिमा भएको व्यवस्था बमोजिम अनुमतिपत्र प्रदान गर्ने प्रयोजनका लागि गाउँपालिकामा देहाय बमोजिम गाउँ जलस्रोत समिति रहनेछ :

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | सदस्य |
| (ग) सामाजिक विकास समिति संयोजक | सदस्य |

(घ) कृषि शाखा प्रमुख सदस्य

(ङ) वन कार्यालय प्रतिनिधि सदस्य

(च) भौतिक पूर्वाधार शाखा प्रमुख सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

**३१. गाउँ जलस्रोत समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) गाउँ जलस्रोत समितिको वैठक अध्यक्षले तोकेको समय मिति र स्थानमा बस्नेछ ।

(२) वैठकको अध्यक्षता गाउँ जलस्रोत समितिको अध्यक्षले गर्नेछ ।

(३) गाउँ जलस्रोत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या मानिनेछ ।

(४) गाउँ जलस्रोत समितिको बैठक सम्बन्धी अन्य कार्यविधि गाउँ जलस्रोत समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**३२. गाउँ जलस्रोत समितिको सचिवालय :** गाउँ जलस्रोत समितिको सचिवालय प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा रहनेछ ।

**३३. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने** : गाउँपालिकाले विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजना निर्माण सम्पन्न हुनु अगावै वा सम्पन्न भएपछि आवश्यक सर्तहरू तोकी व्यक्ति वा संस्थालाई परियोजना हस्तान्तरण गर्न सक्नेछ ।

**३४. जलस्रोतको उपयोगको लागि करार गर्न सक्ने** : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले कुनै स्वदेशी वा विदेशी कम्पनी, संगठित संस्था वा व्यक्तिसँग प्रचलित कानुनको अधिनमा रही करारनामा गरी करारमा उल्लेखित सर्तहरू बमोजिम जलस्रोतको उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ ।

**३५. सेवा उपभोगका सर्तहरू तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने** : अनुमति प्राप्त व्यक्ति वा संस्थाले आफुले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी सर्तको अधारमा उपलब्ध गराउन र त्यस्तो सेवा बापत जलस्रोत समितिबाट अनुमति लिइ शुल्क लिन सक्नेछ ।

**३६. सेवा रोक्न सक्ने** : कार्यविधिमा भएको व्यवस्थाअनुसार  सेवा उपभोग गरेबापत बुझाउनुपर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा दुरुपयोग गर्ने वा सर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

**३७. अरुको घरजग्गामा प्रवेश गर्न सक्ने** : गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले जलस्रोतको सर्भेक्षण वा उपयोगको सिलसिलामा कसैको घरजग्गामा प्रवेश गर्नुपरेमा गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले खटाएको कर्मचारीबाट सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घर जग्गाामा प्रवेश गर्न सक्नेछ । तर कुनै घर जग्गामा जलस्रोतको अनधिकृत उपयोग वा दुरुपयोग गरी रहेको शंका लागेमा मुनासिब माफिकको कारण भएमा सो कुराको जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पूर्व सूचना बिना पनि गाउँपालिकाको तोकिएको व्यक्ति सम्बन्धित घर,जग्गा,संस्था वा उद्योगमा प्रवेश गर्न सक्नेछ ।

**३८. जलस्रोतको उपयोगसँग सम्बन्धित संरचनाको सुरक्षा** : जलस्रोतको उपयोगितासँग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्ति वा संस्थाको अनुरोधमा वा स्वयं व्यक्ति वा संस्थाको आवश्यक्ताका आधारमा सुरक्षा गर्न आवश्यक ठानेमा गाउँपालिकाले त्यसका लागि प्रबन्ध गर्न सक्नेछ । अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा सुरक्षा प्रबन्ध गरिएमा त्यस बापत लाग्ने सम्पूर्ण खर्च अनुमति प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

**३९. जलस्रोतलाई प्रदुषित गर्न नहुने** : (१) गाउँपालिका क्षेत्रभित्र रहेका जलस्रोतहरूमा कुनै किसिमका फोहोरमैला, औद्योगिक निकास, विष, रसायनिक मल वा विषालु पदार्थ हाली वा प्रयोग गरी दुषित गर्न पाइने छैन ।

(२) जलस्रोत उपयोगको अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आफूले अनुमतिपत्र प्राप्त गरेको जलस्रोतका संरक्षणको सम्पूर्ण जवाफदेहिता रहनेछ ।

(३) मुहानजन्य जलस्रोतको दुई सय मिटर क्षेत्रभित्रका वन तथा रुख कटान गरी फँडानी गर्नुपरेमा गाउँ जलस्रोत समितिको पूर्व स्वीकृतिमा मात्र गर्न सकिनेछ ।

**४०. वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुने** : जलस्रोतको उपयोग गर्दा भूक्षय हुने, बाढी पहिरो वा यस्तै अरु कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

**४१. अनुमति खारेज गर्न सकिने** : अनुमतिपत्र प्राप्त व्यक्तिले यो कार्यविधिमा भएको व्यवस्था विपरित कुनै काम गरेमा गाउँ जलस्रोत समिति वा समितिबाट तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

## परिच्छेद ५

### जलस्रोत उपयोगको विवाद सम्बन्धी जाँचबुझ

**४२. जलस्रोत उपयोग विवाद सम्बन्धी जाँचबुझ :** (१) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहायका अध्यक्ष तथा सदस्यहरू भएको एक जलस्रोत उपयोग जाँचबुझ समिति रहनेछ :

(क) वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिनिधि अध्यक्ष

(ख) सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको सदस्य सदस्य

(ग) वातावरण तथा विपद् व्यवस्थापन शाखा/ योजना शाखा सदस्य

(२) दुई वा दुई भन्दा बढी वडाहरूबीच जलस्रोतको उपयोग सम्बन्धी विवाद उत्पन्न भएमा उपदफा (१) को खण्ड (ख) बमोजिम विवादसँग सम्बन्धित प्रत्येक वडाको वडा समितिको १/१ जना प्रतिनिधि रहनेछन् ।

(३) उपदफा ( १) बमोजिमको जलस्रोत उपयोग जाँचबुझ समितिले जलस्रोतको उपयोगमा उत्पन्न विवाद समाधान गर्दा देहायको कार्यविधि अपनाउने छ :

(क) जलस्रोत उपयोगको परियोजनाबाट लाभान्वित हुने स्थानीय व्यक्तिहरूबीच जलस्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलस्रोत सम्बन्धी कुनै परियोजना संचालन गरेबाट स्थानीय व्यक्तिहरूलाई पर्न जाने मर्काको सम्बन्धमा विवाद उठेमा सम्बन्धित सबै अनुमतिपत्र प्राप्त व्यक्ति, संगठित संस्था तथा स्थानीय व्यक्तिहरूलाई छुट्टाछुट्टै वा सामुहिक रुपमा आफ्नो दावी पुष्ट्याई हुने तथ्यहरू उल्लेख गरी जानकारी पेस गर्न मुनासिब माफिकको म्याद तोकि दिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछि परियोजना स्थल समेतको स्थलगत अध्ययन गरी मुख्यतया देहायको विषयमा जानकारी लिनु पर्नेछ :

(१) परियोजनाको कुल खर्च,

(२) परियोजनाबाट हुने फाइदाको स्तर,

(३) आयोजना संचालन गर्दा सम्बन्धित जलस्रोतबाट उपयोग गरिरहेका व्यक्ति वा संस्थालाई पर्न सक्ने असर,

(४) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताको संख्या,

(५) परियोजना संचालन गर्दा वातावरणमा पर्ने प्रभाव,

(६) स्थानीय जनताको आवश्यकता

(७) परियोजनाबाट लाभान्वित हुनेहरूको प्रतिक्रिया

(८) विवादका मुख्य कारणहरू

(९) अन्य स्थानीय आवश्यकंता अनुसारका आवश्यक कुराहरू

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयहरूमा जानकारी प्राप्त गरेपछि सोको आधारमा जलस्रोतको लाभदायक उपयोग भए नभएको, आवश्यक रहे नरहेको, क-कसलाई उपयोग अनुमति दिन उचित

रहेको राय सहितको प्रतिवेदन अध्ययन तथा छलफल सकिएको सात दिनभित्र गाउँ जलस्रोत समिति समक्ष पेस गर्नु पर्नेछ ।

## परिच्छेद-६

## सेवा शुल्क सम्बन्धी व्यवस्था

**४३. बार्षिक शुल्क :** अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गरे गराए बापत गाउँपालिकालाई बुझाउनुपर्ने बार्षिक तथा सेवा शुल्क अनुसूची ८ मा तोकिए बमोजिम हुनेछ ।

**४४. सेवा शुल्क निर्धारण** : अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले जलस्रोतको उपयोग गरे गराए बापत गाउँपालिकालाई बुझाउनुपर्ने बार्षिक तथा सेवा शुल्क रोङ गाउँ कार्यपालिकाले तोकिए बमोजिम हुनेछ । तर उपभोक्ता समिति मार्फत एकीकृत परियोजना संचालन गरी जलस्रोतको उपयोग तथा वितरण गरिएको अवस्थामा उपभोक्ता समितिले शुल्क निर्धारण गरी सम्बन्धित उपभोक्ता समितिको साधारण सभाबाट पारित गरी अनुमतिका लागि गाउँ जलस्रोत समितिसमक्ष पेस गर्नु पर्नेछ ।

**४५. सेवा शुल्क बुझाउनु पर्ने** : अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले जलस्रोतको उपयोग गरे बापत अनुसूची ८ मा तोकिए बमोजिमको गाउँपालिकालाई बुझाउनु पर्ने बार्षिक तथा सेवा शुल्क आर्थिक बर्ष प्रारम्भ भएको तीन महिनाभित्र बुझाउनु पर्नेछ ।

## परिच्छेद-७

## घरजग्गा प्राप्ति तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

**४६. निवेदन दिनुपर्ने :** जलस्रोत उपयोगको लागि अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

**४७. परियोजना स्थल वरिपरीको जग्गा प्रयोग गर्न निषेध गर्न सक्ने :** (१) जलस्रोत संरक्षण तथा उपयोग प्रयोजनका लागि गाउँपालिकाले जलस्रोतको संरक्षण र उपयोग सम्बन्धी परियोजनाको किसिम, बनोट, क्षमता, आदि कुराहरूलाई ध्यानमा राखी त्यस्तो परियोजना क्षेत्र भित्रका घर जग्गा कुनै खास कामको लागि अरु कसैले प्रयोग गर्न नपाउने गरी निश्चित दुरी तोकी निषेध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निषेध गरिएको कुराको सूचना गाउँपालिकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरी सम्बन्धित परियोजना क्षेत्रको मुख्य-मुख्य ठाउँ, परियोजना कार्यालय, सम्बन्धित वडा वा गाउँपालिका लगायत अन्य कार्यालयमा समेत टाँस्नु पर्नेछ ।

**४८. क्षतिपूर्ति दिइने :** दफा ४७ को उपदफा (१) बमोजिम घरजग्गा प्रयोग गर्न निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्ति वा संस्थालाई भएको हानी नोक्सानी बापत दिइने क्षतिपूर्तिको रकम दफा ४२ को उपदफा (१) बमोजिमको जलस्रोत विवाद जाँचबुझ समितिले दिएको प्रतिवेदनका आधारमा जलस्रोतको संरक्षण तथा उपयोगको जिम्मेवारी वा लाभ प्राप्त गरिरहेका व्यक्ति वा संस्थाबाट उपलब्ध गराइने छ ।

(२) जलस्रोत संरक्षण वा उपयोग सम्बन्धमा घरजग्गाको प्रयोगमा थप बन्देज लगाउनु पर्ने अवस्थामा सार्वजनिक जग्गा वा सार्वजनिक क्षेत्रमा पर्ने जग्गा वा भवनको क्षतिपूर्ति उपलब्ध गराइने छैन ।

**४९. क्षतिपूर्ति निर्धारण :** दफा ४८ को उपदफा (१) मा भएको व्यवस्था अनुसार प्राप्त प्रतिवेदन उपर अध्ययन गरी गाउँ जलस्रोत समितिले क्षतिपूर्ति निर्धारण गर्नेछ ।

## परिच्छेद-८
## विविध

**५०. सहयोग पुर्‍याउनु पर्ने :** आफ्नो कार्यसम्पादनको सिलसिलामा गाउँ जलस्रोत समितिले जलस्रोतसँग सम्बन्धित निकायबाट आवश्यक्ताअनुसार जलस्रोत सम्बन्धी तथ्यांकहरू माग गर्न सक्नेछ र माग भए बमोजिमको तथ्यांकहरू उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

**५१. जलस्रोत सम्बन्धी मापदण्ड** : खानेपानी तथा घरेलु उपयोग र सिंचाइका लागि अनुसूची ७ मा भएको व्यवस्था बमोजिमको मापदण्ड लागु हुनेछ । अन्यको हकमा गाउँ जलस्रोत समितिले आवश्यक निर्णय गरी लागु गर्न सक्नेछ ।

**५२. दुर्घटनाको सूचना :** अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग सम्बन्धी कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा गाउँ जलस्रोत समितिलाई तुरुन्त सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाका कारण पत्ता लगाउन गाउँ जलस्रोत समितिले आवश्यक निरीक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणबाट त्यस्तो दुर्घटना नदोहोरिन अपनाउनुपर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमति प्राप्त व्यक्तिलाई आदेश दिन सक्नेछ र यस्तो आदेश पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति तथा संस्थाको कर्तव्य हुनेछ ।

**५३. गाउँ कार्यपालिकाले निर्देशन दिन सक्ने** : गाउँपालिकाले जलस्रोतको संरक्षण र उपयोग सम्बन्धमा गाउँ जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु गाउँ जलस्रोत समितिको कर्तव्य हुनेछ ।

**५४. दण्ड सजाय :** कुनै व्यक्ति वा संस्थाले यस कार्यविधिका दफा उपदफा उल्लंघन वा पालना नगरेमा निजलाई गाउँपालिकाले रु. दश हजारसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएमा निजबाट त्यस्तो हानी नोक्सानी बापतको क्षतिपूर्ति समेत भराइ दिन सक्नेछ ।

**५५. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने** : गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी यस कार्यविधिको अनुसूचीमा आवश्यक्ता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।

**५६. खारेजी तथा बचाउ :** (१) संघ तथा प्रदेश नं. १ बाट जलस्रोत सम्बन्धी ऐन, नियमावली तथा कार्यविधि निर्माण तथा निर्देशन भएमा सोही बमोजिम हुनेछ ।

(२) जलस्रोत संरक्षण तथा उपयोग कार्यविधि, २०७७ लागू हुनु पूर्व जलस्रोत ऐन, २०४९ अन्तर्गत दर्ता भएका समिति गाउँपालिकामा अभिलेखीकरण गरेमा यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

(३) यस कार्यविधिमा उल्लेखित विषयवस्तुहरू प्रचलित ऐन कानुनसँग बाझिएमा उक्त दफा स्वतः खारेज भइ प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

## अनसूची १

## (दफा ५ सँग सम्बन्धित )

## निवेदन पत्रको ढाँचा

श्री अध्यक्षज्यू

गाउँ जलस्रोत समिति

रोङ गाउँपालिका, इलाम ।

विषय : **जलस्रोत उपयोग दर्ताका लागि** ।

महोदय,

हामीले ........................................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेको हुँदा रोङ गाउँपालिकाको जलस्रोत संरक्षण तथा उपयोग कार्यविधि २०७७ को दफा.....बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र ...................रुपैंया दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण :

१. उपभोक्ता समितिको नाम :

२. कार्यक्षेत्र :

३. उद्देश्य :

क)

ख)

ग)

४. सदस्यहरूको नाम : ठेगाना पेसा

क)

ख)

ग)

५. उपयोग गरिने जलस्रोतको विवरण :

(क) जलस्रोतको मुहान भएको ठाउँ :

(ख) जलस्रोतबाट गरिने प्रयोग

(ग) उपयोग गर्न चाहेको जलस्रोतको परिमाण :

(घ) उक्त जलस्रोतको हाल भइरहेको उपयोग :

६. उपभोक्ता संस्थाले पुर्‍याउन चाहेको सेवा सम्बन्धी विवरण :

(क) सेवाको किसिम :

(ख) सेवा पुर्‍याउने क्षेत्र :

(ग) सेवाबाट लाभान्वित हुनेहरूको संख्या :

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :

७. आर्थिक स्रोतको विवरण :

८. कार्यालयको ठेगाना :

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दस्तखत दिनेको

सही :

नाम :

पद :

ठेगाना :

मिति :

**अनसूची २**

**(दफा ८ को उपदफा (१) सँग सम्बन्धित )**

**उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र**

दर्ता मिति :

दर्ता नम्बर :

**रोङ गाउँपालिका जलस्रोत समिति**

मिति : ..................................

श्री.......................................................................लाई रोङ गाउँपालिकाको जलस्रोत कार्यविधि, २०७७ को दफा.....को उपदफा .....बमोजिम गाउँ जलस्रोत समितिको मिति......................को निर्णयानुसार .........................साल.........महिना.....गते यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । रोङ गाउँपालिकाको जलस्रोत संरक्षण तथा उपयोग कार्यविधि, २०७७ का अधिनमा रही आफ्नो कार्य संचालन गर्नुहोला ।

सही :

नाम, थर :

पद :

**अनसूची ३**

**(दफा १२ को उपदफा (१) सँग सम्बन्धित )**

**जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त**

श्री अध्यक्षज्यू

गाउँ जलस्रोत समिति

रोङ गाउँपालिका, इलाम ।

विषय : **जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त ।**

जलस्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन रोङ गाउँपालिकाको जलस्रोत कार्यविधि, २०७७ को दफा .......बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेस गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :

२. उद्देश्य :

३. सर्वेक्षण गर्ने क्षेत्र :

४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु.........

५. सर्वेक्षण गर्ने अवधि :

६. अन्य विवरणहरू : कार्यविधिको दफा......बमोजिम ।

७. माथि उल्लेखित बेहोरा ठिक साँचो छ झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाउला ।

संगठित संस्था भए संस्थाको छाप :

सम्बन्धित व्यक्ति वा संगठित तर्फबाट दरखास्त दिनेको :

सही :

नाम, थर :

ठेगाना :

पद :

## अनसूची ४

## (दफा १४ सँग सम्बन्धित )

## जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र

अनुमतिपत्र संख्या :

मिति :……………………

श्री…………………………………

……………………………………………

तपाइलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोलि रोङ गाउँपालिकाको जलस्रोत संरक्षण तथा उपयोग कार्यविधि, २०७७ को दफा……बमोजिम गाउँ जलस्रोत समितिको मिति……………… को निर्णयानुसार यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. व्यक्ति वा संगठित संस्थाको नाम :

२. जलस्रोत सर्वेक्षणको उद्देश्य :

३. जलस्रोत सर्वेक्षणको क्षेत्र :

४. सर्वेक्षण गर्ने अवधि :

५. अनुमतिपत्र बहाल रहने अवधि :

अनुमतिपत्र दिने अधिकारीको,

सही :

नाम :

पद :

## अनसूची ५

## (दफा १३ सँग सम्बन्धित )

## जलस्रोत उपयोगको अनुमतिपत्रका लागि दरखास्त

श्री अध्यक्षज्यू
गाउँ जलस्रोत समिति,
रोङ गाउँपालिका, इलाम ।

विषय : जलस्रोत उपयोगको उपयोग अनुमतिपत्रको लागि दरखास्त ।

रोङ गाउँपालिका वडा नं......मा जलस्रोत उपयोगको निमित्त अनुमति पाउन रोङ गाउँपालिका जलस्रोत संरक्षण तथा उपयोग कार्यविधि, २०७७ को दफा......बमोजिम देहायका विवरणहरू समेत खुलाइ यो दरखास्त पेस गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :
२. उद्देश्य :
३. उपयोग गर्न खोजेको जलस्रोतको परिमाण र उपयोग गर्ने प्रयोजन :
४. प्रस्तावित जलस्रोत उपयोग गर्ने ठाउँ :
५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफल :
६. प्रस्तावित उपभोगबाट हुनसक्ने सम्भावित लाभ :
७. लाभान्वित हुनसक्ने उपभोक्ता संख्या :
८. जलस्रोत उपयोगका लागि लाग्ने लगानीको अनुमानित रकम र सो को स्रोत :
९. जलस्रोत उपयोग गर्ने तरिका :
१०. प्रस्तावित जलस्रोतको हाल भएको उपयोग र भविष्यमा हुन सक्ने उपयोग :
११. अन्य

माथि उल्लेखित बेहोरा ठिक साँचो छ झुठा ठहरे कानुन बमोजिम सहुँला कुझाउँला ।

संगठित संस्था भए संस्थाको छाप :

सम्बन्धित व्यक्ति वा संगठित तर्फबाट दरखास्त दिनेको :
सही :
नाम, थर :

ठेगाना :

पद :

**अनसूची ६**

**(दफा १३ सँग सम्बन्धित )**

**जलस्रोत उपयोगको अनुमतिपत्र**

अनुमतिपत्र संख्या :

मिति :........................

श्री.......................................

....................................................

तपाईलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली रोङ गाउँपालिकाको जलस्रोत संरक्षण तथा उपयोग कार्यविधि, २०७७ को दफा......बमोजिम गाउँ जलस्रोत समितिको मिति.........................को निर्णयानुसार यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम :

२. जलस्रोत उपयोगको उद्देश्य :

३. जलस्रोतको नाम, किसिम र रहेको स्थान :

४. उपयोग गर्न पाउने जलस्रोतको परिमाण :

५. जलस्रोत उपयोगको भौगोलिक क्षेत्र :

६. जलस्रोत उपयोगको माध्यम :

७. अधिकतम लाभान्वित संख्या :

८. अनुमतिपत्र बहाल रहने अवधि :

अनुमतिपत्र दिने अधिकारीको,

सही :

नाम :

पद :

## अनुसूची ७

### (दफा ५१ सँग सम्बन्धित )

### जलस्रोतको प्रयोग सम्बन्धी मापदण्ड

| जलस्रोत उपयोगको किसिम | जलस्रोत वितरणको माध्यम | आकार |
|---|---|---|
| १. खानेपानी | पाइप | १२० MM सम्म |
| २. सिंचाइ | पाइप | २०० MM सम्म |
| | कुलो/पैनी | ………… |

नोट : घरेलु उपयोगका लागि जाँचबुझ समितिले आवश्यक जाँचबुझ गरी पाइपको साइज सिफारिस गर्न सक्नेछ ।

## अनसूची ८

## (दफा २५ र ४३ सँग सम्बन्धित )

## जलस्रोत उपयोग बापत बुझाउनु पर्ने विभिन्न शुल्क

| सि.नं. | जलस्रोत उपयोगको किसिम | निवेदन दस्तुर | दर्ता अनुमति पत्र दस्तुर | नवीकरण दस्तुर ( प्रत्येक बर्ष आ व प्रारम्भ भएको तीन महिना भित्र ) | समयमा नवीकरण नगरेमा थप दस्तुर |
|---|---|---|---|---|---|
| १ | खानेपानी मुहान दर्ता ( घरेलु प्रयोजनका लागि ) | १०० | १,००० | ५०० | ५०० |
| २ | सिंचाइ | ५०० | १,००० | ५०० | ५०० |
| | बार्षिक शुल्क | प्रति रोपनी १५।- | | | |
| ३ | पशुपालन, मत्स्यपालन जस्ता कृषीजन्य उपयोग | ५०० | १,००० | ५०० | ५०० |
| ४ | जल पर्यटन | १,००० | १०,००० | ५,००० | ५,००० |
| ५ | पानी बोटलिङ्ग उद्योग संचालन | १,००० | २५,००० | १०,०००/ प्रति लि. ०.२५ पैसा | ५,००० |
| ६ | अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनका लागि जलस्रोत उपलब्ध गराए बापत | १,००० | २५,००० | १०,००० | ५,००० |

(उल्लेखित शुल्क दरलाई गाउँ जलस्रोत समितिले आवश्यक्ता अनुसार उपयोगका आधारमा संशोधन गर्न सक्नेछ ।)